दर्ता नं.: ७२४/०५७/५८

चन्द्रागिरि

"दिगो साकोस्, सुखी र समृद्ध सदस्य"

बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि नगरपालिका-७, थानकोट, महादेवस्थान, काठमाडौं, नेपाल   ०१-४३१३०५८, ४३१३०५९, ४३१६७७७

fb.com/chandragirisaccos   info@chandragiri.coop.np   www.chandragiri.coop.np

# डेबिट कार्ड आवेदन फाराम

## APPLICATION FOR DEBIT CARD

अनुसूची १
(एटिएम सेवा सञ्चालन कार्यविधि, २०७७ - दफा २.१.१ सँग सम्बन्धितं)

मिति : D D - M M - Y Y Y Y

श्री ........................................................................ ज्यू

चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा-७, थानकोट, महादेवस्थान काठमाडौं

महोदय,

कृपया मलाई तपसिलमा उल्लेख गरे बमोजिम डेबिट कार्ड सेवा उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु ।

**सदस्यको नाम (Name of Member)**

| | |
|---|---|
| नेपाली (देवनागरिकमा) | |
| English (BLOCK LETTER) | |

सदस्य नं. :
Member No.: ☐☐☐☐☐☐☐☐

डेबिट कार्ड सञ्चालन गर्ने खाता नं. :
Account Number for Debit Card Service : ☐☐☐☐☐☐☐☐☐☐

कार्ड सेवा :
Card Service :

☐ नयाँ कार्ड / New Card
☐ सट्टा कार्ड / Change Card
☐ नयाँ पिन / New PIN
☐ रोक्का/फुकुवा/बन्द / Stop/Release/Close
☐ इन्स्ट्यान्ट कार्ड / Instant Card

कार्ड नं. :
Card No.:

डेबिट कार्ड सेवाको लागि लाग्ने प्रवेश शुल्क र वार्षिक नवीकरण शुल्क समेत माथि उल्लेखित खाताबाट कट्टी गर्न संस्थालाई अख्तियार प्रदान गर्दछु ।

मैले चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि. को डेबिट कार्ड सञ्चालन सम्बन्धी यस आवेदन फारमको पछाडि उल्लेखित शर्तहरु पढी, बुझी स्वीकार गर्दछु र उक्त शर्तहरु सधैं पालना गर्न मेरो मञ्जुरी छ ।

सदस्यको दस्तखत

---

**कार्यालय प्रयोजनको लागि (For official use only)**

कार्ड नं. :
Card No.:

शुल्क :
Charge :

सेवा सुरुवात मिति :
Date of Service Initial : D D - M M - Y Y Y Y

सेवा समाप्त मिति :
Date of Service End : D D - M M - Y Y Y Y

| ............................ | ............................ | ............................ |
|---|---|---|
| कार्ड प्रविष्टि गर्ने | रुजु गर्ने | स्वीकृति गर्ने |

# डेबिट कार्डको शर्तहरू:

१. चन्द्रागिरि डेबिट कार्ड (यसपछि कार्ड भनिनेछ) हरेक समय चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था (सहकारी भनिनेछ) को सम्पत्ति हो ।

२. कार्ड धारक सहकारी संस्थाको सदस्य हुनु पर्नेछ ।

३. कार्ड अन्य कसैलाई हस्तान्तरण गर्न पाईने छैन ।

४. कार्ड धारकले पेश गरेको जानकारी झुट्टा पाईएमा र/अथवा कार्डको दुरुपयोग भएमा सहकारीले कार्ड धारकलाई जारी गरेको कार्ड खिच्ने/बदर गर्ने अधिकार सहकारीमा निहित हुनेछ ।

५. कार्ड सहकारीको नियम अनुसार तोकिएको शुल्क भुक्तानी गरी प्राप्त गर्न सकिनेछ । कार्ड प्रयोग गरी रकम निकाल्ने सहित गरिएका सम्पूण कारोवारहरुको लागि कार्ड धारकले तोकेको खाता(हरु) बाट कट्टा गर्नेछ । यस प्रयोगको लागि कार्ड धारक आफ्नो तोकिएको खाताबाट कार्डको प्रयोग गरी गरिएको कारोवारको रकम कट्टा गर्न सहकारीलाई अपरिवर्तनीय ढंगबाट अख्तियार प्रदान गर्दछ ।

६. कार्ड र कार्डबाट प्रदान गरिने सेवाहरु सम्बन्धी सहकारीद्वारा तोकिएको सम्पूर्ण शुल्क तथा दस्तुरहरु तोकिएको खाता(हरु) बाट कट्टा गरिनेछ ।

७. तोकिएको संयुक्त खाता(हरु) को सम्बन्धमा कार्डद्वारा गरिएका सम्पूर्ण कारोवारको लागि सबै सदस्यहरु संयुक्त र एकल रुपमा जिम्मेवार हुनेछन् ।

८. कुनै पनि समयमा सदस्यता खारेज गर्न, कार्डमा प्रदान गरिएका सुविधाहरुबाट बञ्चित गर्न वा म्याद गुज्रेको कार्ड नवीकरण नगर्न र कार्ड फिर्ता बुझाउनको लागि कार्ड धारकलाई बोलाउन सक्ने अधिकार सहकारीमा निहित रहने छ ।

९. सदस्यले संस्थाको सदस्यता त्याग गरेको दिनमा नै कार्ड संस्थामा फिर्ता गर्नु पर्नेछ । सुविधाहरु वञ्चित गरेको वा सदस्यता त्याग/खारेज गरेको सूचनापछि कार्डको प्रयोग धोखाधडी हो र प्रचलित कानून अनुसार सहकारीले कानूनी कारवाही गर्न सक्नेछ ।

१०. जुनसुकै कारणले सदस्यता खारेज भएको वा कार्डमा प्रदान गरिएका सुविधाहरु वञ्चित गरिएको सूचना प्राप्त भएको मितिले ७ दिनभित्र मुख्य कार्यालय वा सेवाकेन्द्रलाई कार्ड फिर्ता गर्नुपर्नेछ । कार्ड सहकारीलाई नबुझाएसम्म कार्डको प्रयोग गरी सिर्जित विजकहरुको भुक्तानी कार्ड धारकको दायित्व हुनेछ ।

११. कार्ड धारकले यदि कार्ड नवीकरण वा खारेज नगर्ने गर्ने हो भन एक महिना अगाडि सहकारीलाई लिखित रुपमा अनुरोध गर्नुपर्नेछ ।

१२. कार्ड धारकलाई जारी गरिएको कार्ड र व्यक्तिगत परिचयात्मक नम्बर (यसपछि पिन भनिनेछ) निरन्तर रुपमा कार्ड धारकको जोखिम र दायित्वमा रहनेछन् । कार्ड धारकले कुनै पनि अन्य व्यक्तिलाई पिन जानकारी गराउने छैन र कार्डको स्वामित्व ग्रहण गर्न अनुमति दिने छैन । कार्ड धारकलाई थाहा वा अख्तियार नभई कार्डको प्रयोग गरी गरिएको सम्पूर्ण कारोवारको दायित्व कार्ड धारकले लिनेछ ।

१३. हराएको/चोरी भएको, विग्रिएको कार्ड र व्यक्त गरिएको पिन सम्बन्धमा सहकारीलाई लिखित रुपमा जानकारी दिन कार्ड धारक मञ्जुर गर्दछ । यसरी दिएको जानकारी पूर्वको सम्पूर्ण कारोवारहरु प्रति कार्ड धारक नै जिम्मेवार ठहरिनेछ ।

१४. नगद झिक्ने र खरिद सहितको दैनिक कारोवार सीमा निर्धारण गर्ने र सहकारीको आफ्नो Automated Teller Machine (यसपछि एटिएम भनिनेछ) बाट प्रदान गरिने नोटको दर निर्धारण गर्ने अख्तियार सहकारीमा निहित हुनेछ ।

१५. कार्डको वा एटिएम वा Point of sale Terminal (यस पछि एइक भनिनेछ) को खराबीले, त्यस्ता मेसिनमा अपर्याप्त रकम भएकोले, यान्त्रिक वा विधुतीय प्रवाहको खराबीले वा अन्य कारणले उत्पन्न कुनै पनि वा जुनसुकै कारणले एटिएम वा बिक्रेताको स्थलमा रहेको POS बाट सेवाहरु प्राप्त गर्न नसकिएमा सहकारी कुनै पनि प्रकारले जवाफदेही हुने छैन ।

१६. कार्डको प्रयोग गरी भएको कारोवार सम्बन्धी विवाद कारोवार भएको ३० दिनभित्र सहकारीलाई चार्जव्याकको प्रक्रिया थाल्नको लागि सूचित गर्नुपर्नेछ ।

१७. कारोवारको सत्यता यकिन गर्न समय समयमा कारोवारमा विवरण जाँच गर्ने दायित्व कार्ड धारकको हुनेछ ।

१८. यहाँ उल्लेखित शर्त तथा बन्देजहरुको पालना कार्ड धारकबाट हुन नसकेर उत्पन्न भएको र सहकारीले ब्यहोरेको सम्पूर्ण क्षति, हर्जना, खर्च वा व्यय प्रति कार्ड धारक आफैं जिम्मेवार हुनेछ यस वापत सहकारीलाई कुनै दावी गर्ने छैन भनी कार्ड धारक मञ्जुर गर्दछ ।

१९. मालसामान खरिद वा सेवा उपभोग वापत एइक मार्फत खर्च भएको रकमको बिल, बिजक लगायत आवश्यक विवरण कार्ड धारकले सहकारीले मागेको बखत उपलब्ध गराउनु पर्नेछ ।

२०. तोकिएको सीमा, शर्त र व्यवस्थाको प्रतिकुल हुने गरी खर्च गरिएको पाइएमा सहकारीबाट जारी भएको कार्डबाट कारोवार गर्न जुनसुकै वखत रोक लगाउन सकिनेछ र यस्ता कारोवार गर्ने सदस्यहरुको विवरण सम्बन्धित निकायमा उपलब्ध गराउनु पर्नेछ ।

२१. यी शर्त तथा बन्देजहरु र शुल्क तथा दस्तुरहरु कार्ड धारकलाई पूर्व सूचना नदिई परिमार्जन गर्ने अधिकार सहकारीमा निहित रहनेछ र त्यस्ता परिमार्जनहरु कार्ड धारकलाई बाध्यकारी हुनेछ ।

२२. सबै विवादहरु नेपालका अदालतहरुको कार्यक्षेत्रमा पर्नेछन् ।

| |
|---|
| |

निवेदकको दस्तखत

| | |
|---|---|
| | |

दायाँ औंठाछाप बायाँ